# मरिण राजपत्र

**मरिण गाउँ कार्यपालिकाद्वारा प्रकाशित**

**खण्ड ५ मरिण, माघ १८ गते, २०७९ साल संख्या २३**

## भाग २

## "मरिण गाउँपालिकाको स्नातक तह उत्तीर्ण गरी विवाह गर्ने किशोरी तथा अविवाहित महिलाको लागि प्रोत्साहन रकम प्रदान सम्बन्धी कार्यविधि, २०७९ (पहिलो संशोधन)"

**प्रस्तावना**

बागमती प्रदेश सरकारले वि.सं. २०८० सम्म बालविवाह मुक्त प्रदेश बनाउने लक्ष्य लिइ कार्य प्रारम्भ गरेपछि मरिण गाउँपालिकाले पनि सोहि अनुरुप बालविवाह न्यूनीकरण सम्बन्धी विविध कार्यक्रम सञ्चालन गर्दै आएको छ। यद्यपी प्रदेश तथा गाउँपालिकाले लिएको लक्ष्य अनुरुप कार्य हुन नसकेको अवस्था हामीमा यथावत छ। यस गाउँपालिका क्षेत्रभित्र अत्याधिक मात्रामा हुने गरेको बालविवाह तथा त्यसबाट पर्ने दीर्घकालीन असरलाई न्यूनीकरण गर्दै जाने अचुक उपायको रुपमा किशोरी तथा अविवाहित महिलाहरुलाई उच्च शिक्षा अध्ययनको अवसर सिर्जना गर्नुपर्छ भन्ने गाउँपालिकाको ठम्याई रहेकोले बार्षिक नीति तथा कार्यक्रममा सो विषयलाई प्रवेश

गराएको छ। गाउँपालिकाको सो उद्देश्यलाई पूरा गर्न यस गाउँपालिका क्षेत्र भित्र स्थायी बसोबास भई स्नातक तह उत्तीर्ण गरी विवाह गर्ने किशोरी तथा अविवाहित महिलालाई प्रोत्साहन स्वरुप नगद रकम उपलब्ध गराउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम यो कार्यविधि जारी गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "मरिण गाउँपालिकाको स्नातक तह उत्तीर्ण गरी विवाह गर्ने किशोरी तथा अविवाहित महिलाको लागि प्रोत्साहन रकम प्रदान सम्बन्धी कार्यविधि, २०७९(पहिलो संशोधन)" रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकले पारित गरी स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात प्रारम्भ हुने छ ।

२. **परिभाषाः** (१) विषय प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "गाउँपालिका" भन्नाले मरिण गाउँपालिका, कपिलाकोट, सिन्धुली लाई सम्झनु पर्नेछ ।

(ख) "किशोरी" भन्नाले मरिण गाउँपालिका क्षेत्रवित्र बसोवास गर्ने स्नातक तह उत्तीर्ण २० बर्ष उमेर पूरा गरेका किशोरी तथा अविवाहित महिलालाई सम्झनु पर्नेछ।[1]

(ग) "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्नेछ ।

(घ) "वडा कार्यालय" भन्नाले गाउँपालिका अन्तर्गतको सम्पूर्ण वडा कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्नेछ ।

(च) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्नेछ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ज) "प्रोत्साहन रकम" भन्नाले दफा ३ बमोजिमको रकम सम्झनु पर्नेछ ।

[1] पहिलो संशोधनबाट संशोधन गरिएको।

(झ) "लाभग्राही" भन्नाले दफा ३ बमोजिमको प्रोत्साहन रकम प्राप्त गर्ने किशोरी तथा महिला भन्ने सम्झनु पर्दछ।[२]

(ञ) "विश्वविद्यालय" भन्नाले नेपाल सरकारद्धारा मान्यता प्राप्त विद्यालय एवं विश्वविद्यालयलाई सम्झनु पर्दछ।

**३. प्रोत्साहन रकम पाउने लाभग्राही :-** (१) देहायका बमोजिम किशोरी तथा महिलाहरु मात्र प्रोत्साहन रकम पाउन योग्य हुनेछन्:

(क) मरिण गाउँपालिका क्षेत्र भित्र संचालित विश्वविद्यालयमा अध्ययन गरी स्थायी बसोबास गर्ने किशोरी तथा अविवाहित महिला।[३]

(ख) स्नातक तह उत्तीर्ण गरेको र २० बर्ष उमेर पूरा भएको किशोरी तथा अविवाहित महिला।

(ग) …….[४]

**४. लाभग्राहीले आवश्यक कागजातहरु सहित निवेदन दिनुपर्ने :**

(१) योग्यता पुगेका लाभग्राहीले गाउँ कार्यपालिकाको कार्यालयले प्रकाशित गरेको सूचनाको समय भित्र तपसिलको कागजात सहित लिखित रुपमा निवेदन दिनु पर्नेछ।

(क) नागरिकताको प्रतिलिपि,

(ख) स्नातक तह उत्तीर्ण गरेको चारित्रिक प्रमाण-पत्र (ट्रान्सक्रिप्ट समेत)

(ग) अविवाहित रहि गाउँपालिका क्षेत्र भित्र स्थायी रुपमा बसोबास गरिरहेको व्यहोरा जनिएको वडा कार्यालयको सिफारिस पत्र।

---

[२] पहिलो संशोधनबाट संशोधन गरिएको।

[३] पहिलो संशोधनबाट संशोधन गरिएको।

[४] पहिलो संशोधनबाट हटाईएको।

**५. कार्यक्रम कार्यान्वयन समिति :**

स्नातक तह उत्तीर्ण २० बर्ष उमेर पूरा भएका किशोरी तथा अविवाहित महिलाबाट प्राप्त आवेदनको पहिचान, छानवीन तथा मूल्याङ्कनका लागि देहाय बमोजिमको कार्यक्रम समन्वय समिति रहनेछ।

(क) गाउँपालिकाको अध्यक्ष — अध्यक्ष
(ख) गाउँपालिकाको उपाध्यक्ष — सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य
(घ) गाउँपालिकाको अध्यक्षले मनोनित गरेका वडा अध्यक्ष तथा कार्यपालिकाका सदस्यहरु मध्येबाट १ जना महिला रहने गरी २ जना सदस्य
(ङ) शिक्षा शाखा प्रमुख — सदस्य
(च) महिला विकास शाखाको प्रमुख — सदस्य-सचिव

**६. समन्वय समितिको काम, कर्तव्य र अधिकार :**

(क) स्नातक तह उत्तीर्ण एवं २० बर्ष उमेर पूरा गरेको किशोरी तथा अविवाहित महिला प्रोत्साहन रकम प्रदान गर्ने कार्यमा सहजीकरण गर्ने,
(ख) स्नातक तह उत्तीर्ण तथा २० बर्ष पूरा बारे यथार्थ भए नभएको पहिचान एवं एकीन गर्न गाउँ कार्यापालिकाको कार्यलाई सहयोग गर्ने,
(ग) लाभग्राहीको आवेदन उपर छानवीन एवं मूल्यांकन गरी अन्तिम सूची प्रकाशन गर्ने र सोही सूचीको आधारमा प्रोत्साहन रकम वितरणको लागि सिफारिस गर्ने,
(घ) आवश्यकताको आधारमा अन्य काम, कारबाही गर्ने ।

**७. प्रोत्साहन रकमको दरः** (१) लाभग्राहीले एकपटक एकमुष्ट रुपमा प्रोत्साहन रकम रु. १,००,०००।— (अक्षरेपी एक लाख) नगद प्राप्त गर्नेछ।

**८. अभिलेख राख्नुपर्नेः-** यस कार्यविधि बमोजिम प्रोत्साहन रकम पाउने किशोरी तथा महिलाको अभिलेख गाउँपालिकाले राख्नु पर्नेछ।

**९. संशोधनः-** गाउँ कार्यपालिकाको निर्णयबाट आवश्यकता अनुसार यो कार्यविधि संशोधन गर्न सकिनेछ।

१०. **बाधा अड्काउ फुकाउने:-** यस कार्यविधि कार्यान्वयन गर्दा कुनै बाधा परेमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाई कार्यान्वयन गर्न सक्नेछ।

**आज्ञाले**
**ओम बहादुर दर्जी**
**प्रमुख प्रशासकीय अधिकृत**

मरिण गाउँपालिका